UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

# नेपालका लागि महासचिवका प्रवक्ताद्वारा जारी वक्तव्य

## न्युयोर्क, २९ मे २०१०

राष्ट्रसंघीय महासचिवले सन् २०१० मे २८ मा समाप्त हुन लागेको नेपालको संविधानसभाको म्याद १ वर्षसम्म थप्ने निर्णयको स्वागत गर्नु भएको छ। उहाँले सम्बन्धित सबै दल, तीनका नेतालगायत प्रधानमन्त्रीलाई राष्ट्रिय एकताप्रतिको प्रतिबद्धता एवं देशको शान्ति प्रक्रिया जोगाउन गरिएको सम्झौताको निम्ति प्रशंसा गर्नु भएको छ। महासचिवले सहमति र सहकार्यको भावनाअनुसार थाति रहेका अन्य मुद्दाहरू टुङ्गो लगाउँदै शान्ति प्रक्रियालाई अघि बढाउन सबै दलहरूलाई आह्वान गर्नु भएको छ।